annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ७०, पृष्ठ ८ | काठमाडौं, बिहीबार २५ असार २०८३ | आषाढ कृष्णपक्ष नवमी नेपाल संवत् ११४६ | THURSDAY, JULY 9, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# संघीयताको जग हल्लाउने भयले संविधान संशोधनमा ध्रुवीकरण




‘संविधान संशोधनको वास्तविक एजेन्डा के हो ? संघीयतालाई बलियो बनाउन खोजिएको हो कि सीमित गर्न ? संविधान संशोधनको बहस राज्य पुनर्संरचनाको विषय हो कि सुशासनको ?’ यही प्रश्नमा सरकार स्पष्ट नभएपछि विपक्षी दलहरू संविधान संशोधनको गृहकार्यबाट बाहिरिएका छन् । सर्वदलीय सहमति हुन नसके संविधान संशोधन कार्यदलले तयार गर्ने बहसपत्र सरकारी दस्तावेजमात्रै हुने खतरा बढेको छ ।

दिनेश गौतम | काठमाडौं

विस्तृत पृष्ठ २

# मुख्यसचिवमा पनि क्रमभंगता

सुरेन्द्र काफ्ले | काठमाडौं

सरकारले गोविन्दबहादुर कार्कीलाई प्रशासनिक क्षेत्रको सर्वोच्च पद मुख्यसचिवमा नियुक्त गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई मुख्यसचिव नियुक्त गर्ने निर्णय गरेको हो।

सरकारका प्रवक्ता सस्मित पोखरेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कार्कीलाई मुख्यसचिव बनाइएको जानकारी दिए। उनी प्रधानमन्त्री कार्यालयको सुशासन महाशाखा प्रमुखका रूपमा कार्यरत थिए। वरीयताक्रममा निकै पछाडि रहेका कार्कीलाई प्रधानमन्त्री वालेन्द्र शाहले मुख्यसचिव बनाएका हुन्। प्रधानमन्त्रीको रोजाइमा परेका कार्की सचिवमा बढुवा भएको दुई वर्षमात्र भएको छ। भोजपुरका कार्कीले सचिव बनेपछि वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी

**वरीयताक्रममा निकै पछाडि रहेका कार्कीलाई प्रधानमन्त्री वालेन्द्र शाहले मुख्यसचिव बनाएका छन् ।**

सम्हालेका थिए। त्यसअघि उनी ल्हासाका लागि महावाणिज्यदूतसमेत भएका थिए। उनीसँग कोशी प्रदेशको मन्त्रालयमा सचिव र बागमती प्रदेशमा कायममुकायम प्रमुख सचिवका रूपमा काम गरेको अनुभव पनि छ।

२०२७ पुस २५ मा जन्मिएका कार्की २०५३ पुस ७ मा शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेका थिए। २०६२ मंसिर १५ गते उपसचिवमा बढुवा भएका उनले लमजुङ, भोजपुर र काभ्रेपलाञ्चोकमा स्थानीय विकास अधिकारीका रूपमा काम गरे। उनी २०७० चैत २१ मा सहसचिव भएका थिए। गृह प्रशासनअन्तर्गत उनले केही जिल्लामा प्रमुख जिल्ला अधिकारीको भूमिका समेत निर्वाह गरे।

कार्की २०८१ भदौ २० गते सचिव भएका थिए। ५८ वर्षे उमेरहदका कारण मुख्यसचिव कार्कीको कार्यकाल २०८५ पुस २५ मा सकिनेछ। उनी गाविससचिव हुँदै



प्रशासनिक नेतृत्वको सबैभन्दा उच्च पदमा पुग्न सफल भएका हुन्।

वालेन्द्र शाह प्रधानमन्त्री भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उनीसँग निकट रहेर कार्कीले काम गरेका थिए। उनको कार्यसम्पादनबाट प्रभावित भएर प्रधानमन्त्रीको विशेष जोडबलमा वरीयतामा क्रमभंगता गर्दै कार्कीलाई मुख्यसचिव बनाइएको हो। मुख्यसचिव सुमनराज अर्यालको अवकाशपछि वरीयताक्रमको हिसाबले पहिलो नम्बरमा किरणराज शर्मा थिए। यही असार २६ गते अर्याल अवकाश हुँदै छन्।

शर्मापछि क्रमशः हरिप्रसाद मैनाली, डिल्लीराम शर्मा, गोविन्दप्रसाद शर्मा, राजकुमार श्रेष्ठ, गोपालप्रसाद सिग्देल, रविलाल पन्थ, कृष्णबहादुर राउत, रामेश्वर दंगाल र मुकुन्दप्रसाद निरौला वरीयताक्रममा थिए। डिल्लीराम शर्मा, गोविन्द शर्मा र हरिप्रसाद मैनाली भने अतिरिक्त समूहमा छन्। राजकुमार श्रेष्ठ हाल गृहसचिव छन्। गृहमन्त्री सुधन गुरुङको विश्वास जितेका कारण उनको सम्भावना बढी रहेको आकलन गरिएको भए पनि निकै पछाडि रहेका गोविन्द कार्की मुख्यसचिव बन्न सफल भए।

पछिल्लो समय प्रधानमन्त्री कार्यालयमा रहेर कार्कीले सुशासन मार्गचित्र तयार गरेका थिए। भदौ २३ र २४ गतेको युवा विद्रोहको माग र भावनाअनुसार गठित ‘सुशासन मार्गचित्र अध्ययन समिति’ को संयोजक रहेर कार्कीले काम गरे। उनले नवयुवा आन्दोलनको माग र भावनाअनुरूप शासकीय सुधारका लागि विभिन्न क्षेत्र पहिचान गरी १ हजार ७ सय ६५ क्रियाकलाप समेटिएको प्रतिवेदन तयार पारेका थिए। सोही प्रतिवेदनकै आधारमा बालेन नेतृत्वको सरकारले सय दिनको शासकीय सुधारका १०० कार्यसूची तयार गरेर काम थालेको हो।

» बाँकी पृष्ठ ६

# ‘कुनै पनि बेला आकस्मिक बाढीको जोखिम’

नितु घले | काठमाडौं

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का वैज्ञानिकहरूले नेपालमा कुनै पनि बेला आकस्मिक बाढीको जोखिम रहेको बताएका छन्। सन् २०२६ को मनसुन सिजनमा सरदरभन्दा कम वर्षा हुने अनुमान गरिए पनि आकस्मिक बाढीको खतरा जतिबेला पनि रहन सक्ने भन्दै उनीहरूले सचेत गराएका हुन्।

वैज्ञानिकहरूले हालै पाकिस्तानको बाल्टिस्तान र भारतको अरुणाचल प्रदेशमा बादल फुटेर भएको भारी वर्षा र त्यसपछिको विपद्लाई औंल्याउँदै नेपालमा पनि जुनसुकै बेला यस्तै संकट आउन सक्ने चेतावनी दिएका छन्। यस वर्ष नेपाल, भारत र पाकिस्तानका विभिन्न क्षेत्रमा बादल फुट्ने र अन्य घातक मौसमी परिघटनाहरू भइरहेको उनीहरूको भनाइ छ। वैज्ञानिकहरूका अनुसार यस क्षेत्रले आगामी दिनमा अझ खतरनाक मौसमी चक्रको सामना गर्नुपर्ने हुन सक्छ। यस्तो मौसमी चक्रका कारण लामो समय खडेरी पर्ने र बीच-बीचमा अचानक मुसलधारे वर्षा हुने गर्दछ।

» बाँकी पृष्ठ ६




# बाँदरबाट मकै जोगाउन टहरामा पहरा

हरिबहादुर लम्जेल | धनकुटा

संसद्मा बाँदर व्यवस्थापनबारे बहस चलिरहँदा धनकुटा-९ बेलहराकी ७० वर्षीया नरमाया श्रेष्ठ मकैबारी जोगाउन दिनभर बारीको डिलमा बसेर बाँदर खेदाउन बाध्य छिन्। बाँदर धपाउनकै लागि मकैबारीको डिलमा टिनको छानोसहित बाँसको सानो टहरा बनाएकी छिन्। टहरानजिकैको बारीमा मकैमा घोगा लागेको छ। मकैको टुसा पलाउन थालेको छ। यही बेला बाँदरले मकैमा ठूलो क्षति पुऱ्याउने भएकाले नरमाया केही दिनयता दिनभर बारीमै बस्न थालेकी हुन्।

‘यसो नगरे बाली जोगिँदैन’ उनले भनिन्, ‘दिनभर यतै टहरामा बसेर पहरा दिनुपर्छ।’ नरमायाको बारीभन्दा केही पर अर्को डिलमा ६५ वर्षीय पूर्णबहादुर विश्वकर्मा पनि मकैबारी जोगाउन दिनभर बाँदर रुगिरहेका भेटिन्छन्। उनको दैनिकी पनि पछिल्ला दिनमा यस्तै बनेको छ। ‘मकै घरमा नभित्र्याउँदासम्म यसरी नै रुग्नैपर्छ’ उनले भने, ‘बिहान ५ बजेदेखि बेलुका ६ बजेसम्म बारीमै बस्नुपर्छ।’ नरमाया र पूर्णबहादुरमात्र होइन, बेलहराका मकैखेती गर्ने अधिकांश घरपरिवार यस्तै बाध्यतामा छन्। नरमायाका



**धनकुटा नगरपालिका–९ बेलहरामा बाँदर धपाउन टहरा बनाएर बसेकी ७० वर्षीया नरमाया श्रेष्ठ र ६५ वर्षीय पूर्णबहादुर विश्वकर्मा। ● हरिबहादुर लम्जेल**

अनुसार गाउँका करिब २०-२५ घरपरिवारले बारीको डिलमा टहरा बनाएर पालैपालो बाँदर रुग्ने गर्छन्।

यहाँका बासिन्दाको मुख्य खाद्यान्न बाली नै मकै हो। मकै फल्ने समयमा बाँदरको उपद्रो बढ्ने भएकाले किसानहरूले बाली जोगाउन निकै सास्ती बेहोर्नुपर्छ। पछिल्ला समय बाँदरले मकैलाई मात्र होइन नगदे बालीलाई समेत दुःख दिने गरेका छन्। नरमाया भन्छिन् ‘के गर्नु, मकै नरोपौं भने बारी बाँझै हुन्छ।’ बेलहरा आसपास मुलाबारी, साँवाबारी र भैसाखा गरी तीनवटा सामुदायिक वन छन्। यी वन स्थानीयको बारीसम्म जोडिएका छन्। सामुदायिक वन क्षेत्र बाँदरको वासस्थान भएकाले नजिकका बस्तीमा बाँदरको उपद्रो बढ्दै गएको स्थानीयको भनाइ छ।

» बाँकी पृष्ठ ६